**आकाशवाणी समाचार- नेपाली**

मितिः १ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मु आज मुम्बईमा भारतीय रिजर्भ बैंकको ९० औं स्थापना दिवसको समापन समारोहमा सहभागी हुनु हुनेछ।

**२.** भारतको पाँच दिवसीय भ्रमणमा आउनुहुने चिलीका राष्ट्रपति गेब्रियल बोरिक फन्टले आज दिउँसो प्रधानमन्त्री नरेन्द्र मोदीसंग भेटवार्ता गर्नु हुनेछ ।

**३.** भारत भ्रमणमा रहनु भएका नेदरल्याण्ड्सका विदेशमन्त्री क्यास्पर भेल्डक्याम्पले नयाँ दिल्लीमा विदेशमन्त्री डा. एस जयशंकरलाई भेट्नु भयो ।

**४.** केन्द्र सरकारको एकीकृत पेन्सन योजना-यूपीएस आजदेखि लागू हुनेछ।

**५.** आइपिएल टी-२० क्रिकेटमा, मुम्बई इन्डियन्सले हिजो राति वानखडे स्टेडियममा कोलकाता नाइट राइडर्सलाई आठ विकेटले पराजित गर्यो।

**राष्ट्रपति-आरबीआई समारोह**

राष्ट्रपति द्रौपदी मुर्मु आज मुम्बईमा भारतीय रिजर्भ बैंकको ९० औं स्थापना दिवसको समापन समारोहमा सहभागी हुनु हुनेछ। यस कार्यक्रममा केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया, महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस र अन्य विशिष्ट व्यक्तिहरू उपस्थित हुनेछन्। आरबीआई गभर्नर संजय मल्होत्राले स्वागत भाषण गर्नु हुनेछ। राष्ट्रपति मुर्मु दुई दिने भ्रमणमा हिजो साँझ मुम्बई पुग्नु भएको छ। विमानस्थलमा राज्यपाल सीपी राधाकृष्णन र उपमुख्यमन्त्री एकनाथ शिन्देले उहालाई स्वागत गरे।

****** ० ******

**चिली- राष्ट्रपति यात्रा**

भारतको पाँच दिवसीय भ्रमणमा आउनु हुने चिलीका राष्ट्रपति गेब्रियल बोरिक फन्टले आज दिउँसो प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर भारत-चिली सम्बन्धका सबै पक्षहरूमा छलफल गर्नु हुनेछ । उहाले राष्ट्रपति द्रौपदी मुर्मुसँग पनि भेट गर्नु हुनेछ भने राष्ट्रपति द्रौपती मुर्मुले उहाको सम्मानमा भोज आयोजना गर्नु हुनेछ । राष्ट्रपति बोरिकसँगै मन्त्रीहरू, सांसदहरू, व्यापार संघहरू र भारत-चिली सांस्कृतिक सम्बन्धमा संलग्न प्रमुख चिली नागरिकहरू सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डल पनि रहनेछ। राष्ट्रपतिको रूपमा यो उहाको पहिलो भारत भ्रमण हुनेछ। यस अवधिमा राष्ट्रपति बोरिकले आगरा, मुम्बई र बेंगलुरुको पनि भ्रमण गर्नुहुनेछ। मुम्बई र बेंगलुरुमा, उहाँले राजनीतिक नेतृत्व, व्यवसाय र उद्योगका प्रतिनिधिहरू, स्टार्टअपहरू, नवप्रवर्तकहरू र प्रविधि दिग्गजहरूसँग पनि भेट्नुहुनेछ। राष्ट्रपति बोरिक अप्रिल ५ मा चिली फर्कनु हुनेछ ।

****** ० ******

**जयशंकर -नीदरलैंड विदेशमंत्री**

भारत भ्रमणमा रहनु भएका नेदरल्याण्ड्सका विदेशमन्त्री क्यास्पर भेल्डक्याम्पले नयाँ दिल्लीमा विदेशमन्त्री डा. एस जयशंकरलाई भेट्नु भयो । डा. जयशंकरले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएको छ, बैठकमा व्यापार, लगानी, नवप्रवर्तन, पानी, कृषि, स्वास्थ्य, सुरक्षा र जनता-जनता सम्बन्ध लगायत बढ्दो द्विपक्षीय सहयोगको बारेमा छलफल भयो। उहाले सेमीकंडक्टर, हरित हाइड्रोजन, शिक्षा र प्रतिभा प्रवाहमा नयाँ सम्भावनाहरूको खोजीमा केन्द्रित रहेको बताउनु भयो । डा. जयशंकरले विश्वव्यापी रणनीतिक विकास र बहुध्रुवीयताको महत्त्वलाई पनि उल्लेख गर्नु भयो । श्री भेल्डक्याम्प भारतको दुई दिने भ्रमणको लागि हिजो साँझ नयाँ दिल्ली आइपुग्नु भयो। उहाको यो भारतको पहिलो आधिकारिक भ्रमण हो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले

सामाजिक सञ्जाल पोस्टमा यो भ्रमणले भारत र नेदरल्याण्ड्स बीचको बहुआयामिक सम्बन्धलाई अझ बलियो बनाउने बताउनु भयो।

****** ० ******

**जितेन्द्र सिंह -आंध्रप्रदेशमंत्री**

केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहलाई नयाँ दिल्लीमा आन्ध्र प्रदेशका स्वास्थ्य मन्त्री वाई. सत्य कुमारले भेट्नु भयो। यसक्रममा उनीहरूले राज्यमा जैविक प्रविधि सम्बन्धी परियोजनाहरू र केन्द्रीय सहयोग प्राप्त पहलहरूलाई अगाडि बढाउने उपायहरूबारे छलफल गरे। श्री सत्य कुमारले नरेन्द्र मोदी सरकारको निरन्तर सहयोगको लागि कृतज्ञता व्यक्त गर्नु भयो र स्वास्थ्य सेवा अनि औद्योगिक अनुप्रयोगहरूमा उन्नतिको लागि जैविक प्रविधिको प्रयोग गर्ने आन्ध्र प्रदेशको प्रतिबद्धता व्यक्त गर्नु भयो। उहाले राज्यमा अत्याधुनिक नवप्रवर्तनको लागि केन्द्र र राज्य सरकारहरू बीच सहकार्य बढाउनुपर्ने आवश्यकतामा जोड दिनु भयो। डा. जितेन्द्र सिंहले जैविक प्रविधिलाई वर्तमान सरकारको प्राथमिकता क्षेत्रको रूपमा वर्णन गर्नु हुदै केन्द्र सरकारबाट पूर्ण सहयोगको आश्वासन दिनु भयो। स्वास्थ्य सेवा, औषधि उत्पादन र दिगो स्टार्टअप जस्ता क्षेत्रहरूमा जैविक प्रविधिको रूपान्तरणकारी सम्भावनामा जोड दिनु हुदै उहाले यसलाई प्रवर्द्धन गर्न आन्ध्र प्रदेशले प्रमुख भूमिका खेल्न सक्ने बताउनु भयो।

****** ० ******

**पेंशन योजना-यूपीएस**

केन्द्र सरकारको एकीकृत पेन्सन योजना-यूपीएस आजदेखि लागू हुनेछ। केन्द्र सरकारले राष्ट्रिय पेन्सन प्रणालीको विकल्पको रूपमा UPS प्रस्तुत गरेको छ। पेन्सन कोष नियामक तथा विकास प्राधिकरणले हालै UPS को सञ्चालनका लागि नियमहरू अधिसूचित गरेको थियो। यी नियमहरू केन्द्रीय सरकारी कर्मचारीहरूको तीन समूहसँग सम्बन्धित छन्। पहिलो समूहमा १ अप्रिल २०२५ मा सेवारत NPS अन्तर्गत काम गर्ने केन्द्रीय सरकारका कर्मचारीहरू समावेश छन्। दोस्रो श्रेणीमा १ अप्रिल २०२५ मा वा त्यसपछि केन्द्रीय सरकारमा नयाँ भर्तीहरू समावेश छन्। तेस्रो श्रेणीमा, कुनै पनि केन्द्रीय सरकारका कर्मचारी जो NPS को हिस्सा थिए र मार्च ३१ मा वा त्यसभन्दा अघि अवकाश लिएका थिए, चाहे उनीहरुको नियमित अवकाश होस् वा स्वैच्छिक अवकाश, तिनीहरू UPS को लागि योग्य हुनेछन्। यस योजनाबाट लगभग २३ लाख केन्द्रीय सरकारी कर्मचारीहरू लाभान्वित हुनेछन्।

****** ० ******

**विदेश मंत्रालय- न्यूयॉर्क टाइम्स**

भारतले न्यूयोर्क टाइम्सको एक भारतीय उड्डयन र रक्षा कम्पनीलाई रुसी एजेन्सीसँग जोडेको रिपोर्टको कडा शब्दमा खण्डन गरेको छ। स्रोत अनुसार रिपोर्ट तथ्यगत रूपमा गलत र भ्रामक भएको बताएका छन्। जानकारी अनुसार, प्रतिवेदनमा राजनीतिक बयानबाजीका लागि मुद्दाहरू बनाउन र तथ्यहरूलाई विकृत गर्ने प्रयास गरिएको छ। प्रतिवेदनमा उल्लेख गरिएको भारतीय कम्पनीले सबै कानुनी प्रतिबद्धता र अन्तर्राष्ट्रिय दायित्वहरूको पूर्ण पालना गरेको स्रोतहरूले बताएका छन्। रणनीतिक व्यापारमा भारतको बलियो कानुनी र नियामक ढाँचाले कम्पनीहरूको विदेशी व्यावसायिक उद्यमहरूलाई मार्गदर्शन गरेको जानकारी प्राप्त भएको छ। स्रोत अनुसार, न्यूयोर्क टाइम्स जस्तो प्रतिष्ठित मिडियाले यस्ता रिपोर्टहरू प्रकाशित गर्दा आधारभूत सावधानी अपनाउने अपेक्षा गरिएको छ, जुन पूर्ण रूपमा बेवास्ता गरिएको थियो।

**मध्यप्रदेश-मदिरा प्रतिबंध**

मध्य प्रदेशको , उज्जैन, ओमकारेश्वर, महेश्वर र मैहर लगायत १९ धार्मिक शहरहरू र केही ग्राम पञ्चायत क्षेत्रहरूमा आजदेखि मदिरामा प्रतिबन्ध लागू हुनेछ। एक सरकारी अधिकारीले उज्जैन, ओमकारेश्वर, महेश्वर, मंडलेश्वर, ओरछा, मैहर, चित्रकूट, दतिया, पन्ना, मंडला, मुलताई, मंदसौर र अमरकंटक शहरको सीमामा सबै मदिरा पसल र बारहरू बन्द रहने पुष्टि गर्नु भएको छ। साल्कनपुर, कुण्डलपुर, बन्दकपुर, बर्मनकलान, बर्मनखुर्द र लिंगा ग्राम पञ्चायत सीमामा पनि मदिरा प्रतिबन्ध लगाइनेछ। राज्यको भाजपा सरकारले यी १९ शहरी र ग्रामीण क्षेत्रहरूलाई पूर्ण रूपमा पवित्र घोषित गरेको छ र त्यहाँ मदिरा निषेधको घोषणा गरेको छ। यी क्षेत्रहरूको धार्मिक महत्वलाई ध्यानमा राख्दै, यस वर्ष जनवरी २४ मा महेश्वरमा मुख्यमन्त्री मोहन यादवको अध्यक्षतामा बसेको राज्य मन्त्रिपरिषद्को बैठकले त्यहाँ मदिरा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो।

BYTE

**पश्चिम बंगाल-विस्फोट**

पश्चिम बंगालको दक्षिण २४ परगना जिल्लाको पथर प्रतिमामा हिज  राति एक घरमा भएको घरेलु ग्यास सिलिन्डर विस्फोटमा चार बालबालिका र दुई महिलासहित सात जनाको मृत्यु भएको छ। सुन्दरवन जिल्लाका पुलिस  अधिक्षक  कोटेश्वर रावले घटनाको पुष्टि गर्नु हुदै  पथर प्रतिमा ब्लकको ढोलहाट गाउँमा भएको विस्फोटमा एक महिला पनि घाइते भएको बताउनु भएको छ । उहाले सबै शव निकालिएको र महिलालाई अस्पतालमा भर्ना गरिएको बताउनु भयो । मृतकहरू एकै परिवारका सदस्य भएको अनुमान गरिएको छ। पुलिसले घरमा दुईवटा ग्यास सिलिन्डर रहेको र घर भित्र राखिएका पटाकाका कारण विस्फोट भएको आशंका गरेको छ। पुलिस अधिक्षकले  उद्धार कार्य सम्पन्न भएको र स्थिति नियन्त्रणमा रहेको बताए। हाल क्षेत्रलाई घेराबन्दी गरिएको छ र अनुसन्धान भइरहेको छ।

**आइपिएल**

आइपिएल टी-२० क्रिकेटमा, मुम्बई इन्डियन्सले हिजो राति वानखडे स्टेडियममा  कोलकाता नाइट राइडर्सलाई आठ विकेटले पराजित गर्यो। मुम्बई इन्डियन्सले ११७ रनको लक्ष्य १२ ओभर र ५ बलमा हासिल गऱ्यो र केवल दुई विकेट गुमाउँदै १२१ रन बनायो।